प्रमाणित मितिः-२०८०/०१/१५

प्रस्तावहरुः-

१. प्रदेश लोक सेवा आयोगसंग असिस्टेन्ट सब-इन्जिनियर माग गर्ने सम्बन्धमा।
२. मलखाद वितरण सम्बन्धमा।
३. अमिन पदको परीक्षा संचालन गर्ने सम्बन्धमा।
४. योजना तर्जुमा कार्यशाला गोष्ठी संचालन सम्बन्धमा।
५. ऋण मिनाहा गर्ने सम्बन्धमा।
६. सहकारी संस्थाहरुलाई जरिवाना तथा खारेजी सम्बन्धमा।
७. गरिब पहिचान परिचयपत्र सम्बन्धी उजुरी सम्बन्धमा।
८. वडा नं.३ को वडा कार्यालय तथा वडा नं. ५ को बर्थिङ्ग सेन्टर निर्माण सम्बन्धमा।
९. मायादेवी गाउँपालिका वडा नं.६ ठूलो दुर्गौलियामा पिसिसि ढलान तथा नाली निर्माणको भुक्तानी सम्बन्धमा।

निर्णयहरुः-

**निर्णय नं.१.** प्रस्ताव नं.१ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत नक्सा शाखामा कामकाज गर्दै आउनु भएको असिस्टेन्ट सब-इन्जिनियर श्री दिपक राज पन्तले राजिनामा पेश गरेकोले सो शाखामा तत्काल असिस्टेन्ट सब-इन्जिनियर आवश्यक परेको हुँदा प्रदेश लोकसेवा आयोगसंग लोक सेवा आयोगको बैकल्पिक सूचिमा रहेका व्यक्तिहरु मध्येबाट एक (१) जना करार अ.सब-इन्जिनियर माग गर्ने निर्णय गरियो।

**निर्णय नं.२.** प्रस्ताव नं.२ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत मलाखद बिक्रीको लागि अनुमति दिईएका सहकारी संस्थाहरुको कार्य सम्पादनको विषयमा अनुगमन गरी मलखाद डिपो संचालन गर्न दिने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.३.** प्रस्ताव नं.३ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत संचालित राष्ट्रिय भूमि आयोग सम्बन्धी काकमाज गर्नको लागि मितिः२०७९/०४/२० गते अमिन पद करार सेवामा दिने सूचना प्रकाशित भै आवेदनहरु दर्ता भै सकेको र विविध कारणवश परीक्षा प्रकृया रोकिन गएकोमा हाल अमिन आवश्यक भएकोले परीक्षा प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.४.** प्रस्ताव नं.४ को सन्दर्भमा छलफल गर्दा आ.व.०८०/८१ को लागि योजना तथा कार्यक्रमको तयारी गर्नु पर्ने समय आईसकेकोले योजना तथा कार्यक्रम तयारी गर्दा कुन विधि र प्रकृयाबाट गर्नु पर्ने हो सोको स्पष्ट पार्नको लागि यहि बैशाख महिनाको १७ र १८ गते योजना तर्जुमा कार्यशाला गोष्ठी संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं.५.** प्रस्ताव नं.५ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत संचालनमा रहेको स्थानिय विकास कोष तर्फको अति गरिबमूखी राहत कार्यक्रम अन्तर्गत मायादेवी गाउँपालिका वडा नं.१ अन्तर्गत

प्रमाणित मितिः-२०८०/०१/१५

तपसिल बमोजिमका ऋणीहरुलाई २०५६ र २०५७ सालमा तपसिल बमोजिमको रकम ऋण प्रदान गरेकोमा निजहरुको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले ऋण मिनाहा गर्ने भनी स्थानिय विकास कोषबाट प्रस्ताव पेश भएकोमा वडा नं.१ का वडाअध्यक्षबाट अनुगमन गरी प्रतिवेदन पेश भए पश्चात औचित्यका आधारमा ऋण मिनाहा गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | सामुदायिक संस्थाको नाम | ऋणीको नाम | ठेगाना | लगानि मिति | लगानीको उद्देश्य | बाँकी ऋण रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | दुर्गा पुरुष सामुदायिक संस्था | जोखु प्रसाद चाई | वडा नं.१, अहिरौली | २०५६/१२/२१ | कृषि | २,०००।- | |
| २ | अमौली सामुदायिक संस्था | नन्दलाल लोध | वडा नं.१, अमौली | २०५७/०३/२५ | कृषि | २,०००।- | |
| ३ | सरस्वती महिला सामुदायिक संस्था | तारामती चाई | वडा नं.१, अहिरौली | २०५७/०५/२३ | कृषि | ४,०००।- | |
| ४ | सरस्वती महिला सामुदायिक संस्था | कमलावती कहाँर | वडा नं.१, अहिरौली | २०५७/०५/२३ | कृषि | ४,५००।- | |

**निर्णय नं.६.** प्रस्ताव नं.६ को सन्दर्भमा छलफल गर्दा मायादेवी गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ७१ तथा नियमावली २०७८को नियम ४२ र ४३ अनुसार विभिन्न सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्दा विभिन्न कैफियतहरु फेला परेको हुँदा सहकारी ऐन २०७४ को दफा ८१ को उपदफा (१) र (२) बमोजिम जरिवान हुने कार्यहरु गरेका सहकारी संस्थाहरुलाई जरिवाना गर्नु नपर्ने र सहकारी ऐन २०७४ को दफा ६६ को उपदफा (३) बमोजिम संस्थाको दर्ता खारेज गर्नु नपर्ने उचित कारण सहित १५ दिन भित्र आफ्नो सफाई पेश गर्न सहकारी संस्थाहरुलाई पत्राचार गर्ने निर्णय गरियो साथै कारण मनासिव नदेखिएमा दफा ८१ बमोजिम जरिवाना गर्ने र दफा ६६ बमोजिम खारेजीको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७.** प्रस्ताव नं.७ को सन्दर्भमा छलफल गर्दा मितिः२०७९/१२/०८ गते सार्वजनिक गरेको गरिब परिवारको प्रारम्भिक सूची सहितको १५ दिने सुचनाउपर कुनै गुनासो प्राप्त नभएको व्यहोरा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गतको गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा ८ बमोजिम गठित गुनासो सुनुवाई समितिबाट जानकारी प्राप्त भएकोले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (प्रशासन,

सहकारी तथा गरिबी निवारण महाशाखा) गरिब पहिचान तथा मापदण्ड शाखामा सोहि अनुसारको जानकारी पत्र पठाउने निर्णय गरियो।

**निर्णय नं.८.** प्रस्ताव नं.८ को सन्दर्भमा छलफल गर्दा यस गाउँपालिका स्थित वडा नं. ३ को वडा कार्यालय र वडा नं. ५ को वर्थिङ्ग सेन्टरको निर्माण कार्यको विस्तृत लागत अनुमान तयार गरी ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो साथै यस मायादेवी गाउँपालिका वडा नं.३ को आफ्नै कार्यालय भवन नरहेको र व्यक्तिको घरमा जग्गा भाडामा लिई कार्यालयको रुपमा प्रयोग गर्दै आइरहेकोमा सहज रुपमा प्रशासनिक सेवाको लागि वडा नं.३ को कार्यालय भवन निर्माण गर्नुपर्ने भएकोले नेपाल सरकारको नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही साविक कम्हरिया गा.वि.स. वडा नं.५ "ख" कित्ता नं.५५ मध्ये उत्तर तर्फ बाट क्षेत्रफल ज.वि. ०-३-० को सरकारी जग्गा मायादेवी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, बरेवा-रुपन्देहीको नाममा उपयोग गर्ने गरी प्रमाण प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने भनी सर्बसम्मत निर्णय गरियो।

**निर्णय नं.९.** प्रस्ताव नं.९ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका वडा नं.६ ठूलो दुर्गौलिया स्थित पि.सि.सि. ढलान तथा नालि निर्माणको प्राविधिक मूल्याङकनको आधारमा भुक्तानी दिने निर्णय गरियो।